कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४ (नगर प्रहरी तथा विपद् व्यवस्थापन शाखा)
च.नं.:

मितिः-२०८३/०४/१५ गते

## सडक तथा सडकपेटीमा राखिएका सामान हटाउने तथा सवारी पार्किङ्ग नगर्ने सम्बन्धी जारी गरिएको सार्वजनिक सुचना।

यस कोहलपुर नगरपालिका क्षेत्र अन्तर्गत वडा नं ११ को नगर विकास क्षेत्रमा पैदलयात्रुको सहजताको लागि अपाङ्गमैत्री सडकपेटी निर्माण भई प्रयोजन भइरहेको व्यहोरा सबैमा ज्ञात नै छ। कतिपय स्थानमा पैदल यात्रु आवागमन गर्ने सडकपेटीमा मोटरसाइकल/साइकल/जिप/कार पार्किङ गर्ने, व्यापारिक सामान राख्ने, निर्माण सामाग्री थुपार्ने, भान्साको चुल्हो तथा सामान राख्ने, अस्थायी संरचना निर्माण गर्ने लगायतको कार्य गर्ने गरेको पाइएकोले त्यस्तो कार्यले पैदलयात्रीको सहज आवागमनमा बाधा पुग्न जाने र सडक तथा सडकपेटीमा समेत क्षति पुग्न गएकोले त्यस्तो कार्य नगर्न नगराउन र उक्त क्षेत्रमा रहे भएका सामान तथा संरचना यो सुचना प्रकाशित भएको मितिले ३ दिन भित्र हटाई खाली गर्नको लागि यो सार्वजनिक सुचना जारी गरिएको छ। तोकिएको समयावधिमा सामान नहटाएमा, नियमानुसार जरिवाना गरिने, क्षति पुग्न गएमा क्षतिपुर्ती भराइने र सडकपेटीमा पार्किङ गरेका सवारी साधन हटाउन इन्कार गरेमा ड्युटीमा खटिएको नगर प्रहरी द्वारा ह्विल लक गरी जरिवाना प्रकृयामा ल्याइने तथा निर्माण सामाग्री नगरपालिका द्वारा हटाउदा लाग्ने खर्च समेत भराइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सुचना जारी गरिएको छ।

२०८३/४/१५

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, citypolice@kohalpurmun.gov.np 9858034650
www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun